## सर्वोच्च अदालत, संयुक्त इजलास
## माननीय न्यायाधीश श्री कुमार रेग्मी
## माननीय न्यायाधीश श्री बालकृष्ण ढकाल

### आदेश

मुद्दाः- उत्प्रेषण समेत।

०८२-WO-०५०२

| | |
|---|---|
| जिल्ला महोत्तरी भ्रमरपुरा गा.बि.स. वडा नं. ५ परिवर्तित लोहारपट्टी न.पा. वडा नं. ७ भ्रमरपुरा हाल का.जि.का.म.न.पा.वडा नं.३२ तीनकुने बस्ने अधिवक्ता रत्नेश्वर प्रसाद शर्मा.........................................................................................१ | निवेदक |

### विरुद्ध

| | |
|---|---|
| नेपाल राष्ट्र बैङ्क, बालुवाटार, काठमाडौं.................................................१<br>सिटिजन बैङ्क इन्टरनेशनल लि. केन्द्रीय कार्यालय नारायणहिटिपथ काठमाडौं......१<br>निर्वाचन अधिकृतको कार्यालय, सिटिजन बैङ्क इन्टरनेशनल लि. काठमाडौं..........१<br>निर्वाचन अधिकृत, सिटिजन बैङ्क इन्टरनेशनल लि. काठमाडौं..........................१<br>काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १४ कुलेश्वर, काठमाडौं बस्ने शीव सरण के.सी.......................................................................................१<br>ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. २० छयवहाल बस्ने शत्रुधन श्रेष्ठ.......................................................................................................१<br>सिटिजन बैङ्क इन्टरनेशनल लि. केन्द्रीय कार्यालय नारायणहिटिपथ काठमाडौंका शेयरधनी सुमनचन्द्र आचार्य ..........................................................................१<br>कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर काठमाडौं..............................................१ | विपक्षी |

नेपालको संविधानको धारा ४६, १३३ (२) र (३) वमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छः-

## मुद्दाको संक्षिप्त तथ्य

१. म निबेदक बिपक्षी सिटिजन बैङ्क इन्टरनेशनल लि. को साधारण शेयर र खरिद गरि संस्थापक शेयर खरिद गरि बैङ्कको शेयरधनी वनेको छु। बिपक्षी सिटिजन बैङ्क इन्टरनेशनल लि.ले आ.व. २०८१/८२ को लागि साधारण सभा हुने र सो साधारण सभामा संस्थापक तर्फ १ र पब्लिक तर्फ ३ गरि जम्मा ४ संचालक सदस्यहरुको लागि निबार्चन हुने भनि मिति २०८२/०७/२४ मा सूचना प्रकाशित भएवमोजिम मैले साधारण तर्फको संचालकका लागि मिति २०८२/०८/०४ मा उम्मेदवारी दिएको थिएँ। मेरो उम्मेदवारी उपर उजुर परेकोमा संस्थापक शेयरधनीले साधारण तर्फको संचालकमा उम्मेदवारी दिन नमिल्ने भनि नेपाल राष्ट्र बैङ्कको एकिकृत निर्देशन, २०८१ को निर्देशन नं. ६।०८१ को निर्देशन नं. १ को १५ को आधारमा उम्मेदवारी रद्द गरेको अवस्था छ। कम्पनी ऐन, २०६३ को दफा ८७ मा संचालकहरुको नियुक्तिको व्यवस्था गरेकोमा उक्त दफाहरुको नियुक्तिको प्रक्रियामा दुवै शेयरधारकले संस्थापक तर्फ मात्र संचालक हुन पाइने भन्ने कहि कतै व्यवस्था गरेको पाईदैन। पब्लिक तर्फको संचालकको उम्मेदवारी रद्द गर्ने गरि मिति २०८२/०८/०८ मा भएको विपक्षीको निर्णय नेपालको संबिधानको धारा १७, १८ र २५ तथा नेपाल राष्ट्र बैक ऐन, २०५८ को दफा ७९, कम्पनी ऐन २०६३ को दफा १८, २०, ६७, ८६, ८७ भएको व्यवस्था विपरीत हँदा उक्त काम कारबाही तथा निर्णय र नेपाल राष्ट्र बैङ्कको निर्देशिका इ प्रा निर्देशन नं. ६/०८१ को दफा १५ को निर्देशन समेत उत्प्रेषणको आदेशद्वारा बदर गरी मेरो उम्मेदवारी कायम गर्नु भनी बिपक्षीहरुको नाउँमा परमादेशको आदेश समेत जारी गरी पाउँ भन्ने बेहोराको अधिवक्ता रत्नेश्वरप्रसाद शर्माले यस अदालतमा दायर गरेको रिट निवेदनपत्र।

२. यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो, आदेश जारी हुन नपर्ने भए आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. ८ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत् र अन्य विपक्षीहरूको हकमा आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधिमार्फत् लिखितजवाफ पेश गर्नु भनी विपक्षीहरुका नाउँमा यो आदेश र रिट

निवेदनको प्रतिलिपि साथै राखी म्याद/सूचना पठाई म्यादभित्र लिखितजवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू।

साथै, निवेदकले अन्तरीम आदेश माग गरेतर्फ विचार गर्दा, रत्नेश्वर प्रसाद शर्मा सिटिजन बैङ्कको संस्थापक तथा साधारण शेयर धनी भई निजको सर्वसाधारणतर्फ सञ्चालक पदमा उम्मेदवारी परेको देखिएकोले नेपाल राष्ट्र बैङ्कबाट जारी एकिकृत निर्देशन २०८१ को संस्थागत सुशासन सम्बन्धी व्यवस्थाको बुदा नं. १.१५ मा संस्थापक/संस्थापक समूहको शेयर धारण गरेको शेयर धनीले संस्थापक शेयर बाहेक अन्य समूहबाट संचालकमा उम्मेदवारी दिन पाउने छैन भन्ने व्यवस्था रहेकोले रत्नेश्वर प्रसाद शर्माको सो पदको उम्मेदवारी कायम रहन नसक्ने भनी सो बैङ्कका सञ्चालक समितिको निर्वाचन अधिकृत रहेका रविन्द्र ढुंगानाले मिति २०८२।०८।०८ मा निर्णय गरेको देखिएको र सो सम्बन्धमा बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १६ ले बैङ्क वा वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुन योग्यता र दफा १८ ले सञ्चालक हुन अयोग्यता तोकेको भएतापनि नेपाल राष्ट्र बैङ्कबाट जारी भएको उक्त निर्देशिकामा उल्लेख भएबमोजिम बैङ्कको संस्थापक र साधारण शेयरधनी रहेका व्यक्ति बैङ्कको सर्वसाधारणतर्फको सञ्चालक हुन अयोग्य हुने उल्लेख भएको देखिएन। यसर्थ, बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को उक्त कानूनी व्यवस्थाको रोहमा नेपाल राष्ट्र बैङ्कबाट जारी निर्देशिकाको कार्यान्वयनमा व्याख्याको प्रश्न समावेश भएको देखिएकोले सो विषयमा प्रस्तुत निवेदनको अन्तिम आदेश हुँदा व्याख्या हुने हुँदा मिति २०८२।०८।१२ मा गर्ने भनिएको विपक्षी सिटिजन बैङ्क इन्टरनेशनल लि.को संचालक समितिको निर्वाचन प्रक्रियासम्म प्रस्तुत निवेदनको टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरूका नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ (२) बमोजिम अन्तरिम आदेश जारी गरिएको छ भन्ने समेत बेहोराको मिति २०८२।०८।११ को यस अदालतको आदेश।

३. बैङ्क तथा वित्तीय संस्थाहरुको सुसञ्चालनका लागि नेपाल राष्ट्र बैङ्कबाट नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी संस्थापक समूहका शेयरधनी रहेको व्यक्तिले साधारण समूहबाट सञ्चालक बन्न रोक लगाउने गरी निर्देशन जारी हुन्छ। बैङ्क तथा वित्तीय संस्था ऐन, २०७३ को दफा ७९ बमोजिम नेपाल राष्ट्र बैङ्कको निर्देशनको परिपालना गर्न बैङ्क तथा वित्तीय संस्था बाध्यकारी हुने

र सो उल्लंघन गरेमा नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ९९, १०० र बैङ्क तथा वित्तीय संस्था ऐन, २०७३ को दफा ९९, १००, १०१ बमोजिम कारवाही हुने अवस्था रहन्छ। विपक्षीको उम्मेदवारी रद्द गर्ने गरी निर्वाचन अधिकृतबाट निर्णय गर्दा नियमनकारी निकाय नेपाल राष्ट्र बैङ्कबाट क, ख र ग वर्गका इजाजतप्राप्त संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन, २०८१ को निर्देशन नं. ६।०८१ को निर्देशन नं. १ को १५ मा संस्थापक समूहको शेयर धारण गरेको शेयरधनीले संस्थापक समूह बाहेक अन्य समूहबाट संचालकमा उम्मेदवारी दिन पाउने छैनन् भन्ने व्यवस्था रहेको देखिन्छ। नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ७९ उपदफा (१) मा नेपाल राष्ट्र बैङ्कलाई बैङ्क तथा वित्तीय संस्थाको काम कारवाही नियमन गर्ने पूर्ण अधिकार हुने छ भनी तथा उपदफा (२) मा उपदफा (१) बमोजिम नियमन गर्ने सम्बन्धमा बैङ्कले आवश्यक देखेको विषयमा नियम तथा विनियम बनाउन र आवश्यक आदेश निर्देशन तथा सूचना जारी गर्न सक्ने छ भन्ने व्यवस्था रहेको छ। यस बैङ्कबाट विपक्षीको हक हितमा प्रतिकुल असर पर्ने पुग्ने गरी कुनै काम कारवाही र निर्णय नभएकोले रिट निवेदन खारेज गरिपाउँ भन्ने भन्ने बेहोराको सिटिजन्स बैङ्क इन्टरनेशनल लिमिटेड, केन्द्रीय कार्यालयको तर्फबाट पेस भएको लिखित जवाफ।

४. सिटिजन्स बैङ्क इन्टरनेशनल लिमिटेडमा संस्थापक शेयरधनी बाट १ जना र सर्वसाधारण शेयरधनीको तर्फबाट ३ जना संचालकको निर्वाचनका लागि सो बैङ्कबाट मलाई निर्वाचन अधिकृतमा नियुक्त गरिएको र १९ औं वार्षिक साधारण सभाबाट सञ्चालकहरुको निर्वाचन गर्ने भन्ने कार्यक्रम अनुसार मिति २०८२/०७/२६ मा निर्वाचनको कार्यक्रम तालिका प्रकाशित भई मिति २०८२/०८/०४ मा उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने कार्यक्रम अनुसार निवेदकले साधारण समूहबाट निर्वाचित हुने सञ्चालकको पदमा उम्मेदवारी दिनु भएको थियो। मिति २०८२/०८/०५ मा निवेदकको उम्मेदवारी उपर शिव सरण के.सी., शत्रुघन श्रेष्ठ र सुमन चन्द्र आचार्यले दिएको उजुरी छानविन गर्दा निवेदक सिटिजन्स बैङ्क इन्टरनेशनल लि. को संस्थापक तथा साधारण दुवै समूहको शेयरधनी देखिनु भएको र नेपाल राष्ट्र बैङ्कबाट जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. ६।०८१ को निर्देशन नं. १ को १५ मा संस्थापक/संस्थापक समूहको शेयर धारण गरेको शेयरधनीले संस्थापक समूह बाहेक अन्य समूहबाट संचालकमा उम्मेदवारी दिन पाउने छैनन् भन्ने व्यवस्था रहेकोले सोही बमोजिम निवेदकको उम्मेदवारी कायम

रहन नसक्ने गरी निर्णय भएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको सिटिजन्स बैङ्क इन्टरनेशनल लिमिटेडको सञ्चालकहरुको निर्वाचनका लागि नियुक्त निर्वाचन अधिकृत रविन्द्र कुमार ढुंगानाको तर्फबाट पेश भएको लिखित जवाफ।

५. म सिटिजन बैङ्क इन्टरनेशनल लि. को शेयरधनी नं. १३०१३०००००००४५४७ नं. को शेयरधनी हुँ। सो बैङ्कको १९ औं बार्षिक साधारण सभाबाट बैङ्कको संचालक समितिमा संस्थापक शेयरधनी तर्फबाट १ र सर्वसाधारण शेयरधनीको तर्फबाट ३ जना का लागि हुने निर्वाचनका लागि प्रकाशित निर्वाचन कार्यक्रम अनुसार निवेदक श्री रत्नेश्वर प्रसाद शर्माले सर्वसाधारण शेयरधनीको तर्फबाट आफ्नो उम्मेदवारी पेश गर्नु भएको तर निज सोही बैङ्कको संस्थापक शेयरधनी समेत हुनुहुन्छ। नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थाहरूलाई जारी गरेको एकिकृत निर्देशन २०८१ को निर्देशन नं. ६/०८१ बुँदा नं. १ को १५ मा संस्थापक समूहको शेयर धारण गरेका शेयरधनीले संस्थापक समूह बाहेक अन्य समूहबाट सञ्चालकमा उम्मेदवारी दिन पाउने छैननभन्ने निर्देशन रहेकोले कानूनबमोजिम निजको उम्मेदवारी रद्द भएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको शिव शरण के.सीको लिखित जवाफ।

६. म सिटिजन बैङ्क ईन्टरनेशनल लि. को शेयरधनी नं. १३०११००००००६०९०५ नं. को शेयरधनी हुँ। सो बैङ्कको १९ औं बार्षिक साधारण सभाबाट बैङ्कको संचालक समितिमा संस्थापक शेयरधनी तर्फबाट १ र सर्वसाधारण शेयरधनीको तर्फबाट ३ जना का लागि हुने निर्वाचनका लागि प्रकाशित निर्वाचन कार्यक्रम अनुसार निवेदक श्री रत्नेश्वर प्रसाद शर्माले सर्वसाधारण शेयरधनीको तर्फबाट आफ्नो उम्मेदवारी पेश गर्नु भएको तर निज सोही बैङ्कको संस्थापक शेयरधनी समेत हुनुहुन्छ। नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थाहरूलाई जारी गरेको एकिकृत निर्देशन २०८१ को निर्देशन नं. ६/०८१ बुँदा नं. १ को १५ मा संस्थापक समूहको शेयर धारण गरेका शेयरधनीले संस्थापक समूह बाहेक अन्य समूहबाट सञ्चालकमा उम्मेदवारी दिन पाउने छैननभन्ने निर्देशन रहेकोले कानूनबमोजिम निजको उम्मेदवारी रद्द भएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको शत्रुधन श्रेष्ठको तर्फबाट पेश भएको लिखित जवाफ।

७. बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दुई प्रकारको शेयर को मात्र परिकल्पना गरेको अवस्थामा यस बैङ्कबाट "क" "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त

संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशनः २०८१ को इ. प्रा. निर्देशन नं. ६/२०८१ को बुदाँ नं. १ को उप बुदाँ नं. १५ मा संस्थापक/संस्थापक समूहको शेयर धारण गरेका शेयरधनीले संस्थापक समूह वाहेक अन्य समूहबाट सञ्चालकमा उम्मेदवारी दिन पाउने छैनन् भन्ने व्यवस्था रहेको हो। निवेदकले सर्वसाधारण तथा संस्थापक दुवै समूहका शेयर राखेको कुरा निवेदक स्वयंले स्वीकार गरेको अवस्थामा निवेदकको सर्वसाधारण तर्फको उम्मेदवारी कानूनी तथा संथागत सुशासन विपरीत हुन जाने भएकोले निवेदकको रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको नेपाल राष्ट्र बैङ्क, केन्द्रीय कार्यालयकोतर्फबाट पेश भएको लिखित जवाफ।

८. कम्पनी ऐन, २०६३ बमोजिम कम्पनीहरुको स्थापना यस कार्यालय मार्फत हुने साथै कम्पनीको वार्षिक विवरण लगायतका अभिलेख राखिने भएता पनि सो कम्पनीहरुले गर्ने उद्देश्य बमोजिमको कार्यको नियमन कार्य यस कार्यालयले गर्दैन। बैङ्क तथा वित्तिय संस्थाहरुको कार्यसञ्चालन, नियमन लगायतका कार्यहरु नेपाल राष्ट्र बैङ्क, धितोपत्र बोर्डलगायतका नियमनकारी निकायहरुले गर्ने भएको हुँदा सम्बन्धित कम्पनीहरु आफ्नो कार्य गर्न स्वतन्त्र हुन्छन्। विधि सम्मत भएको संचालक समितिको गठनको अभिलेखसंम्म यस कार्यालयमा रहन्छ। सिटिजन बैङ्क इन्टरनेशनल लि. को संचालकहरुको निर्वाचन प्रकिया यस कार्यालयसंग सम्बन्धित नरहेकाले रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको कम्पनी रजिष्ट्रारको कार्यालयको तर्फबाट पेश भएको लिखित जवाफ।

९. यसमा निवेदकले अन्तरिम आदेश खारेज गरिपाउँ भनी निवेदन दर्ता गरेको हुँदा उक्त निवेदनको जानकारी विपक्षी रिट निवेदक रत्नेश्वर प्रसाद शर्मालाई दिई नियमानुसार पेस गर्नु भन्ने मिति २०८२।१०।२० मा भएको यस अदालतको आदेश।

## अदालतको आदेश

१०. नियमवमोजिम पेसी सूचिमा चढी पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ता श्री थानेश्वर काफ्ले तथा विद्वान अधिवक्ताहरु श्री सुनिल पटेल, निवेदक स्वयं श्री रत्नेश्वर प्रसाद शर्मा र श्री जमुना भुसालले नेपाल राष्ट्र बैङ्कको एकीकृत निर्देशनः २०८१ को इ. प्रा. निर्देशन नं. ६/२०८१ को बुदाँ नं. १ को उप बुदाँ नं. १५ को आधारमा उम्मेदवारी खारेज हुने भनी गरिएको निर्णय कानून विपरीत छ। कम्पनी ऐन २०६३ को दफा ८७ मा

संचालकहरुको नियुक्तिको ब्यबस्था गरेकोमा उक्त दफाहरुको नियूक्तिको प्रकृयामा दुबै शेयर धारकले संस्थापकतर्फ मात्र संचालक हुन पाइने भनी कहिं कतै व्यवस्था नगरेको अवस्थामा निवेदकको उम्मेदवारी खारेज गर्ने गरी भएको निर्णय बदर गरी उम्मेदवारी कायम गरी निर्वाचन कारवाही अगाडि बढाउनु भनी परमादेश जारी गरी पाउँ भनी बहस प्रस्तुत गर्नु भयो।

११. विपक्षी सिटिजन बैङ्कको तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ता द्वय श्री शम्भु थापा र श्री केदार अधिकारी तथा विद्वान अधिवक्ताद्वय श्री कृष्ण थापा र श्री ईन्द्र कुमार श्रेष्ठले बैङ्क तथा वित्तीय संस्थाहरुको सुसञ्चालनका लागि नेपाल राष्ट्र बैङ्कबाट नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी संस्थापक समूहका शेयर धनी रहेको व्यक्तिले साधारण समूहबाट सञ्चालक बन्न रोक लगाउने गरी जारी निर्देशनः २०८१ को इ. प्रा. निर्देशन नं. ६/२०८१ को बुदाँ नं. १ को उप बुदाँ नं. १५ को आधारमा उम्मेदवारी खारेज भएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भनी, नेपाल राष्ट्र बैङ्कको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री सुमन आचार्य, श्री स्वेच्छा घिमिरे र श्री पदमराज रेग्मीले बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दुई प्रकारको शेयर को मात्र परिकल्पना गरेको छ तर निवेदकले दोहोरो शेयर लिएबाट सो कार्य कानून विपरीत छ। नेपाल राष्ट्र बैङ्कले वित्तीय संस्थाहरुको सुशासनको लागि जारी गरिएको एकीकृत निर्देशनः २०८१ को इ. प्रा. निर्देशन नं. ६/२०८१ को बुदाँ नं. १ को उप बुदाँ नं. १५ मा संस्थापक समूहको शेयर धारण गरेका शेयरधनीले संस्थापक समूह वाहेक अन्य समूहबाट सञ्चालकमा उम्मेदवारी दिन पाउने छैनन् भन्ने व्यवस्था रहेको हुँदा रिट निवेदन खारेज गरी पाउँ भनी तथा प्रत्यर्थीहरु शीव शरण के.सी. र शत्रुधन श्रेष्ठको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री प्रविण पौडेलले नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थाहरूलाई जारी गरेको एकिकृत निर्देशन २०८१ को निर्देशन नं. ६/०८९ बुँदा नं. १ को १५ का आधारमा निवेदकको उम्मेदवारी रद्द भएकाले रिट निवेदन खारेज गरी पाउँ भनी प्रस्तुत गर्नु भएको बहससमेत सुनियो।

१२. उपर्युक्त तथ्यसहितको रिट निवेदन, लिखित जवाफ र बहस जिकिर रहेको प्रस्तुत मुद्दामा निवेदन मागबमोजिम आदेश हुने हो? वा होईन भन्ने विषयमा निर्णय दिनु पर्ने देखिन आयो।

१३. निर्णयतर्फ विचार गर्दा, निबेदक सिटिजन बैङ्क इन्टरनेशनल लि. को साधारण र संस्थापक शेयर खरिद गरि बैङ्कको शेयरधनी रहेकोले सो बैङ्कले संस्थापकतर्फ १ र साधारणतर्फ ३ संचालक सदस्यहरुको निर्वाचन हुने भनि सूचना प्रकाशित गरेबमोजिम मैले पब्लिकतर्फको संचालकका लागि उम्मेदवारी दर्ता गरेकोमा शेयरधनीले साधारण तर्फको उमेदवारी दिन नमिल्ने भनि नेपाल राष्ट्र बैङ्कले जारी गरेको निर्देशनलाई आधार मानी निर्वाचन अधिकृतले मिति २०८२/०८/०८ मा मेरो उम्मेदवारी रद्द गर्ने गरी भएको निर्णय उत्प्रेषणको आदेशले बदर गरी मेरो उम्मेदवारी कायम राखी निर्वाचन गर्नु गराउनु भनी परमादेशको आदेश जारी गरी पाउँ भन्ने मुख्य रिट निवेदन जिकिर रहेको देखिन्छ।

१४. बैङ्क तथा वित्तीय संस्थाहरुको नियमन राष्ट्र बैङ्कले गर्ने र बैङ्कहरुको अनुशासन कायम गर्न र नियमनका लागि नेपाल राष्ट्र बैङ्कबाट नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी निर्देशन जारी गर्दछ। बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दुई प्रकारको शेयरको परिकल्पना गरेको छ, तर निवेदकले दोहोरो शेयर लिएको देखिन्छ। नेपाल राष्ट्र बैङ्कबाट वित्तीय संस्थाहरुको सुशासनको लागि जारी गरेको एकीकृत निर्देशनः २०८१ को इ. प्रा. निर्देशन नं. ६/२०८१ को बुदाँ नं. १ को उप बुदाँ नं. १५ मा संस्थापक समूहको शेयर धारण गरेका शेयरधनीले संस्थापक समूह वाहेक अन्य समूहबाट सञ्चालकमा उम्मेदवारी दिन पाउने छैनन् भन्ने व्यवस्था रहेको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोरा विपक्षीहरुको लिखित जवाफमा उल्लेख भएको पाईयो।

१५. सिटिजन बैङ्क इन्टरनेशनल लि. को आ.व. २०८१/८२ को लागि संस्थापकतर्फ १ र साधारण (पब्लिक) तर्फ ३ संचालक सदस्यहरुको लागि निर्वाचन हुने भनि सूचना तथा निर्वाचन तालिका प्रकाशन भई मिति २०८२/०८/०४ मा यी निवेदक रत्नेश्वर प्रसाद शर्माले साधारण (पब्लिक) तर्फको संचालकको उम्मेदवारी दर्ता गरेको पाईन्छ। यी निवेदक उक्त बैङ्कको साधारण र संस्थापक गरी दुई प्रकारको शेयर खरिद गरी बैङ्कको शेयरधनी रहेको भन्ने बेहोरा निबेदन र विपक्षी बैङ्कसमेतको लिखित जवाफबाट देखिन्छ।

१६. बैंङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९ को (४) को स्पष्टिकरणको खण्ड (क) मा संस्थापक शेयर समूह भन्नाले राष्ट्र बैङ्कले तोकेको

संस्थापक शेयर सम्झनु पर्छ भनी र खण्ड (ख) मा सर्वसाधारण शेयर समूह भन्नाले संस्थापक शेयर समूह बाहेकको अन्य शेयर सदस्य सम्झनु पर्छ भन्ने उल्लेख भएको पाईयो। ईस्वी सम्बत् २००७।०५।०१ मा यी निवेदक साविक सहयोगी विकास बैङ्क लिमिटेडको संस्थापक शेयर रहेकोमा, संस्थापक शेयरहरुका लागि गरेको नीतिगत व्यवस्था अनुसार नेपाल राष्ट्र बैङ्कबाट जारी भएको एकिकृत निर्देशन, २०७१ इ.प्रा. निर्देशन नं.१०/०७१ को निर्देशन नं. १५ का शर्तहरुको अधीनमा रही ५१ प्रतिशतभन्दा वढी संस्थापक समूहको शेयर स्वामित्व रहेको बैङ्क तथा वित्तीय संस्थाका संस्थापक शेयरधनीहरुले चाहेमा संस्थापक समूहको शेयर स्वामित्व कम्तिमा ५१ प्रतिशत कायम रहने गरी बाँकी शेयर सर्वसाधारण शेयर सरह दोस्रो पूँजी बजार (Secondary Capital Market) मार्फत कारोवार गर्न सक्ने छन् भन्ने व्यवस्था भएबमोजिम ईस्वी सम्बत् २०१४।१०।१६ मा साबिक सहयोगी विकास बैङ्क लि. मा निजका नाममा रहेको संस्थापक शेयर कित्ता ८१९० मध्ये ४९३५ कित्ता संस्थापक शेयर नै रहने गरी र बाँकी ३२५५ कित्ता शेयरलाई सर्वसाधारण शेयरमा परिणत भएको र सोही साविक सहयोगी विकास बैङ्क लिमिटेड हाल विपक्षी मध्येको सिटिजन बैङ्क इन्टरनेशनल लि. मा गाभिन गएको अवस्थामा यी निवेदक उक्त बैङ्कको संस्थापक समूहको शेयर सदस्य र साधारण समूहतर्फको शेयर सदस्य रहेको पाईयो।

१७. सिटिजन बैङ्क इन्टरनेशनल लि. को साधारण शेयर र संस्थापक समूहको शेयर धारण गरेका यी निवेदकले सर्वसाधारण शेयरधनीको तर्फबाट उम्मेदवारी हुन पाउने हुन् होईनन्? भन्ने सम्बन्धमा प्रचलित कानूनी व्यवस्था हेर्दा, नेपाल राष्ट्र बैंङ्क ऐन, २०५८ अनुसार नेपालको अर्थतन्त्रको दिगो विकास र समग्र वित्तीय क्षेत्रको स्थायित्व कायम गर्ने प्रयोजनार्थ राष्ट्र बैंङ्कलाई वाणिज्य बैंङ्क तथा वित्तीय संस्थाको वित्तीय कारोबारको सम्बन्धमा आवश्यक नियमन निरीक्षण सुपरीवेक्षण तथा अनुगमन गर्ने अधिकार रहेको पाईन्छ। सोही ऐनको दफा ७९ को उपदफा (१) मा **"बैंङ्कलाई वाणिज्य बैंङ्क तथा वित्तीय संस्थाको काम कारबाही नियमन गर्ने पूर्ण अधिकार हुनेछ"** उपदफा (२) मा **"उपदफा (१) बमोजिम नियमन गर्ने सम्बन्धमा बैंङ्कले आवश्यक देखेका विषयमा नियम तथा विनियम बनाउन र आवश्यक आदेश, निर्देशन तथा सूचना जारी गर्न सक्नेछ र त्यस्तो नियम तथा विनियम र आदेश, निर्देशन तथा सूचनाको पालना गर्नु सम्बन्धित वाणिज्य बैंङ्क तथा वित्तीय संस्थाको कर्तव्य हुनेछ"** भन्ने उल्लेख भएको र बैंङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १३१ मा यो ऐन वा यस

अन्तरगत बनेको नियम वा विनियमको अधीनमा रही नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थालाई आवश्यकता अनुसार आदेश वा निर्देशन दिन सक्ने व्यवस्था रहेको देखिन्छ। उल्लखित कानूनी व्यवस्था हेर्दा नेपाल राज्य भरी रहेका बैङ्क तथा वित्तीय संस्थाहरुको सुपेरीवेक्षकको भूमिकामा रही काम गर्ने अर्थात बैङ्कहरुको नियमनकारी निकायको रुपमा नेपाल राष्ट्र बैङ्क रहेको र सो बैङ्कले संचालनमा रहेका बैङ्क तथा वित्तीय संस्थाहरुको कामकारवाही सुव्यवस्थित एवं वित्तीय सुशासन कायम गर्न आवश्यक निर्देशन दिन सक्ने अधिकार राखेको देखियो।

१८. यस सन्दर्भमा प्रस्तुत विवादसंग मिल्दो जुल्दो निवेदक विष्णु कृष्ण श्रेष्ठसमेत वि. नेपाल राष्ट्र बैङ्क केन्द्रिय कार्यालयसमेत भएको उत्प्रेषण परमादेश निवेदनमा **"बैङ्किङ्ग प्रणालीमा एकरुपता र वित्तीय सन्तुलन स्थापना गर्न केन्द्रिय एवं नियामक बैङ्कको हैसियतले नेपाल राष्ट्र बैङ्कले वाणिज्य बैङ्क तथा अन्य वित्तीय संस्थाहरुलाई वित्तीय अनुशासनमा राख्न आवश्यक निर्देशन जारी गर्न सक्ने" "कानूनको अधिनमा रही जारी गरिएको निर्देशन र नीतिगत एवं प्रकृयागत व्यवस्थाबाट निवेदकको हक अधिकार उलंघन भएको भन्न नमिल्ने"** भनी (रिट नं. ०६६-WF-०००१, पूर्ण इजलास) बाट व्याख्या भई सिद्धान्त प्रतिपादन भएको देखिन्छ।

१९. नेपाल राष्ट्र बैङ्कले नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ दफा ७९ को उपदफा (१) तथा बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १३१ ले दिएको अधिकार प्रयोग गरी वित्तीय संस्थाहरुको सुशासनको लागि जारी गरेको एकीकृत निर्देशन, २०८१ को इ. प्रा. निर्देशन नं. ६/२०८१ को बुदाँ नं. १ को उप बुदाँ नं. १५ लाई हेर्दा, **"संस्थापक/संस्थापक समूहको शेयर धारण गरेका शेयरधनीले संस्थापक समूह बाहेक अन्य समूहबाट संचालकमा उम्मेदवारी दिन पाउने छैनन्"** भन्ने बेहोरा उल्लेख भएको पाईयो। उक्त निर्देशन माथि उल्लिखित ऐन कानून अनुरुप नै रहेको र बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा **संस्थापक शेयर समूह र सर्वसाधारण शेयर समूहलाई** छुट्टाछुट्टै समूहमा परिभाषित एवं बर्गिकरण गरिएबाट साधारण शेयरधनी र संस्थापक शेयरधनीको फरक फरक हैसियतको रुपमा चित्रण गरेको अवस्थामा नेपाल राष्ट्र बैङ्कको निर्देशन अनुसार संस्थापक शेयरधनी संस्थापक समूह बाहेक अन्य समूहबाट उम्मेदवार हुन पाउने अवस्था रहेको भन्न मिल्ने देखिदैन। निवेदक अधिवक्ता रितेश पौड्याल विपक्षी नेपाल राष्ट्र बैङ्क, केन्द्रीय कार्यालय काठमाडौंसमेत भएको रिट नं.०७८-WO-०३७६ को उत्प्रेषणसमेत

निवेदनमा संस्थापक/संस्थापक शेयर समूहका शेयर धनीले सर्वसाधारण शेयर समूहबाट प्रतिनिधित्व गर्ने संचालकमा प्रतिनिधित्व गर्ने संचालकमा प्रतिनिधित्व गर्न पाउने भनी खुल्ला प्रबन्ध गर्दा त्यसबाट प्रकारान्तरले संसथापक शेयर धारक नै संचालकमा नियुक्त हुन जाने र सर्वसाधारण शेयर समूहको उचित प्रतिनिधित्व एवं संरक्षण सम्बन्धि बैधानिक ब्यवस्थाको ब्यवहारिक कार्यान्वयनमा जटिलता सृजना हुने अवस्थालाई ईन्कार गर्न नमिल्ने (प्रकरण १७) भनी यस अदालतबाट निर्णय भएको पाईन्छ।

२०. *कुनैपनि बैङ्क तथा वित्तीय संस्थामा संस्थागत सुशासन कायम हुनु अनिवार्य र अपरिहार्य हुन्छ। कानूनले संस्थापक शेयरधनी र सर्वसाधारण शेयर धनीको अलग अलग ब्यवस्था गरेको अवस्थामा बैङ्क वा वित्तीय संस्थाको संचालकको रुपमा रहन वा प्रवेश गर्न प्रचलित कानून र त्यससंग सम्बन्धित नियम तथा निर्देशिकाको पालना गर्नु पर्ने नै हुन्छ। संस्थापक शेयर धनी सोही समूहबाट निर्वाचनमा उम्मेदवारी नदिई सर्वसाधारण शेयर धारकको समूहबाट संचालकमा प्रवेश गर्ने हो भने त्यहाँ संस्थापक शेयर समूहको वर्चश्व कायम हुन जाने र त्यसबाट सर्वसाधारण शेयर धनीहरुमा संशय पैदा हुन गई सार्वजनिक वित्तीय प्रणीमा असर पर्न जाने हुँदा त्यस्तर्फसमेत मध्यनजर गर्नु जरुरी हुन्छ।* रिट निवेदक रत्नेश्वरप्रसाद शर्मा संस्थापक समूहको शेयरधनी भएकोमा सोही समूहबाट संचालकको उम्मेदवार हुन कुनै कानूले रोकेको देखिदैन। निवेदकले यो यस्तो नियमबमोजिम सर्वसाधारण शेयरधनी समूहबाट संचालकको पदमा उम्मेदवारी दिन पाउने हो भनी स्पष्ट आधार कारणसमेत खुलाउन सकेको पनि पाईदैन। संस्थापक शेयर समूहको शेयरधनी यी निवेदकले सोही समूहबाट उम्मेदवारी दिन कानूनले वाधा नपुऱ्याएको अवस्थामा संस्थापक शेयरधनीको हैसियतमा उम्मेदवारी नदिई साधारण शेयर धनीको हैसियतमा सो समूहबाट संचालकमा उम्मेदवार हुन पाउने तथ्यपरक र कानूनी आधार निवेदकले देखाउन नसकेको परिप्रेक्ष्यमा निवेदन जिकिर तथ्यमा आधारित देखिएन।

२१. सोही प्रकारले उक्त बैङ्कको प्रवन्धपत्रको दफा ५ (घ) मा बैङ्कको जारी पूँजीको ४८.३९ प्रतिशत शेयर सर्वसाधरणको लागि छुटयाएको देखिन्छ भने प्रकरण (ङ) मा जारी पूँजीको ५१.०७ प्रतिशत शेयर संस्थापकहरुलाई छुटयाई निजहरुलाई समूह (क) मा वर्गिकरण गरेको देखिन्छ। यसैगरी बैङ्कको नियमावलीको नियम ८ (२) (क) मा "संस्थापक शेयरधनी समूह (क) बाट ३ जना र ८ (२) (ग) बमोजिम सर्वसाधारण शेयरधनी समूह (ख) बाट ३ जना सञ्चालकहरु निर्वाचित हुने व्यवस्था

गरेको अवस्थाले बैङ्कले स्पष्टतः दुई समूहका शेयरधनीहरुको प्रबन्ध गरी उक्त अलग-अलग समुहबाट ३-३ जना संचालकको निर्वाचनको व्यवस्था गर्नुले न्यायोचित रुपमा दुवै समूहबाट संचालक समितिमा प्रतिनिधित्व रहोस भन्ने नै मुल मनसाय रहेको पाईन्छ। संचालकहरु निर्वाचन गर्ने प्रयोजनका लागि बैङ्कले बनाएको संचालक निर्वाचन सम्बन्धी निर्देशिका, २०६६ को प्रकरण नं.९ मा बैङ्कको प्रत्येक शेयरधनीले आ-आफ्नो समूहबाट मात्र संचालक पदका लागि उमेदरवार हुन पाउनेछन् भन्ने व्यवस्था गरी उम्मेदवारको प्रस्तावक र समर्थक समेत सम्बन्धित समूहबाट हुनुपर्ने व्यवस्था गरिएबाट संचालक पदको उम्मेदवारीका लागि समूहगत व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने हेतुले संरचनागत व्यवस्था गरेको पाइयो। अब दुवै समूहमा शेयर लिएको शेयरधनीले दुवै समूहमा उम्मेदवार हुन पाउने हो वा होइन? भन्ने प्रश्नको निरोपणका लागि नेपाल राष्ट्र बैङ्कद्वारा जारी एकिकृत निर्देशिकाले संस्थापक शेयर धारण गरेको शेयरधनीको संस्थापक समूहबाहेक अन्य समूहबाट उम्मेदवार हुन नपाउने गरी रोक लगाएको र उक्त निर्देशिका बैङ्क तथा वित्तीय संस्थाका लागि कानून सरह लागु हुने भनी माथी उल्लेख गरिएबमोजिम यस अदालतबाट सिद्धान्त प्रतिपादन भएको रोहमा हेर्दा संस्थापक शेयरधनी समूहमा रहेका निवेदकले सर्वसाधारण शेयरधनी समूहबाट उम्मेदवारी दिन पाउनुपर्ने भन्ने निवेदन जिकिर न्याय एवं कानूनसम्मत देखिन आउँदैन।

२२. सर्वसाधारण मानिसको अरबौं रकमको निक्षेप र सोहीबमोजिमको लगानी गरिने बैङ्क तथा वित्तीय संस्थाहरुमा संस्थागत सुशासन (**Corporate Governance**) अतिनै महत्वपूर्ण रहेको हुन्छ। संस्थापकले कुनै पनि बैङ्क वा वित्तीय संस्था स्थापना गर्नु मात्रले बैङ्कको उद्देश्य पूर्ति हुन सक्दैन। करिब ४९ प्रतिशतसम्म सर्वसाधारण शेयर स्वामित्व रहने संस्थामा सबैभन्दा महत्वपूर्ण पक्ष भनेको सर्वसाधारणको विश्वास र भरोसा नै हो। जब बैङ्कले सर्वसाधारणको लागि शेयरमा लगानीको आह्वान गर्दछ तव उक्त समूह बैङ्कमा शेयरधनीको हैसियतले प्रवेश गर्दछ। सर्वसाधारणलाई शेयरमा लगानीको लागि गरिने आह्वानपत्रमा सो समूहबाट संचालक समितिमा गरिने प्रतिनिधित्व समेतको सुनिश्चतता गरिएको हुन्छ। उक्त समूहको स्वार्थको रक्षा आफ्नो समूहका संचालकले गर्दछन् भन्ने विश्वास समेत गरिएको हुन्छ र त्यस्तो विश्वासको निरन्तरता समेत पाउनु पर्ने हुन्छ। तर साविकमा संस्थापक समूहमा रहेका शेयरधनीले प्रचलित कानूनबमोजिम संस्थापक शेयरको केही हिस्सा सर्वसाधारण

समूहमा परिवर्तन गरिएको अवस्थामा सोही संस्थापक समूहको व्यक्तिले शेयर कायम नभएको भन्ने आधारमा सर्वसाधारण शेयरधनीको संचालकको रुपमा प्रवेश पाउने हो भने त्यसको सहिरुपमा सर्वसाधारणको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व भएको मान्न मिल्ने हुँदैन। विगतमा संस्थापक समूहको तर्फबाट संचालक भएको उक्त व्यक्ति केही समयको अन्तरालमा सर्वसाधारण शेयरधनी समूहबाट संचालकको हैसियतले संचालक समितिमा उपस्थित भई कार्यसम्पादन गर्दा निजले वास्तविक रूपमा सर्वसाधारणको प्रतिनिधित्व गर्छ वा गर्दैन भन्ने प्रश्नलाई समेत गम्भिरतापूर्वक विचार गर्नुपर्ने हुन्छ। संस्थापक शेयरधनीले गरेको पूँजी लगानी, विगतको नियन्त्रणको अवस्था, समूहगत हितको प्रभावकारी प्रतिनिधित्व, बैङ्कमा निजको प्रवेशको अवस्था र समूहगत लगाव, संचालक समितिमा पार्न सक्ने प्रभाव, सर्वसाधारण शेयरधनी समूहबाट हुनसक्ने कमजोर प्रतिनिधित्व, संचालक समितिको सन्तुलनको अवस्था, साना लगानिकर्ताको (Minority Share holder) हितको सुरक्षा, संचालक समितिमा विविध पक्षको प्रतिनिधित्व, स्वार्थ बाझिने अवस्था (Conflict of Interest), कर्जाको लगानी वा पदाधिकारी नियुक्तिमा हुनसक्ने स्वार्थ द्वन्दसमेतलाई गहनतम रुपमा विचार गरी हेर्दा संस्थापक समूहमा रहेको शेयरधनीले सर्वसाधारण समूहमा प्रवेश गर्दा संस्थागत सुशासन पारदर्शिता र आम सर्वसाधारणको उक्त संस्थाप्रतिको अपनत्व (Ownership), Fair representation, Accountability, Minority shareholder right Protection, Avoidance of dominance समेतका विषयहरुलाई विचार गर्नु पर्ने भएकाले नेपाल राष्ट्र बैङ्कद्वारा जारी निर्देशिकाले संस्थापक समूहको व्यक्तिलाई सर्वसाधारण समूहको संचालकमा प्रतिनिधित्व गर्न रोक लगाएको र सोही कारणले निवेदकको उम्मेदवारी खारेज गरेको निर्णयलाई अन्यथा मान्न मिल्ने देखिँदैन।

२३. तसर्थ, माथि विवेचना गरिएका नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ७९ को उपदफा (१) तथा बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १३१ मा भएको कानूनी व्यवस्था तथा उल्लिखित कानूनले दिएको अधिकार प्रयोग गरी वित्तीय संस्थाहरुको सुशासनको लागि नेपाल राष्ट्र बैङ्कले जारी गरेको एकीकृत निर्देशन, २०८१ को इ. प्रा. निर्देशन नं. ६/२०८१ को बुदाँ नं. १ को उप बुदाँ नं. १५ एवम् यस अदालतबाट भएको फैसला एवं प्रतिपादित सिद्धान्तसमेतबाट संस्थापक शेयरधनीसमेत रहेका यी निवेदक सिटिजन बैङ्क इन्टरनेशनल लिमिटेडको साधारण शेयरधनी समूहतर्फको संचालकका लागि निवेदकले दिएको उम्मेदवारी रद्द गर्ने गरी

निर्वाचन अधिकृतबाट मिति २०८२/०८/०८ मा भएको निर्णयबाट निवेदकको संविधान तथा कानून प्रदत्त मौलिक हक हनन् भएको विद्यमानता नदेखिंदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। सरोकारवाला नक्कल माग्न आए नियमानुसार नक्कल दिनु र प्रस्तुत आदेशको विद्युतीय प्रति मुद्दा ब्यवस्थापन प्रणालीमा प्रविष्ठ गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

बालकृष्ण ढकाल
न्यायाधीश

उक्त आदेशमा सहमत छु।

कुमार रेग्मी
न्यायाधीश

इजलास अधिकृत (उपसचिव):- दामोदर घिमिरे
कम्प्युटर अपरेटरः- गोमा लामिछाने
इति सम्वत् २०८२ साल चैत्र महिना १५ गते रोज १ शुभम्..................................।